इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ७ संख्या ८ मिति २०८०।०५।०५

## भाग-२

इच्छाकामना गाउँपालिका

**इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि(पहिलो संशोधन),२०८०**

## इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि (पहिलो संशोधन),२०८०

प्रमाणिकरण मिति :२०८०।०४।०५
प्रथम संशोधन :२०८०।०५।०५

**प्रस्तावना :**

इच्छाकामना गाउँपालिकाको "इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०८०" लाई संशोधन गर्न वाञ्छनीय भएकोले,
इच्छाकामना गाउँपालिकाको गाँउकार्यपालिका बैठकले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम : "इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि (पहिलो संशोधन),२०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मुल कार्यविधिको दफा (४) को उपदफा (२), (३) र (४) मा संशोधन** :मुल कार्यविधिको दफा ४ को उपदफा २,३ र ४ को सट्टा देहायको उपदफा २,३ र ४ राखिएको छ।

(२)करार शिक्षक तथा कर्मचारीहरूको लिखित, अन्तर्वार्ता तथा प्रयोगात्मक (आवश्यकता अनुसार) परीक्षाको माध्यमद्वारा छनोट गरिनेछ ।

(३) करार शिक्षक छनोटका लागि लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगको स्थायी शिक्षक सेवाका लागि तय गरेको पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

(४) शिक्षक छनौट परीक्षा ३ (तीन) खण्डमा सञ्चालन हुनेछ ।

३. **मुल कार्यविधिको दफा (४) मा उपदफा (५), (६) र (७) थप** : मुल कार्यविधिको दफा ४ को उपदफा (४) पश्चात देहाय बमोजिमका उपदफा ५, ६ र ७ थपिएको छ।

(५) क. प्रथम खण्ड बस्तुगत परीक्षा : शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमका आधारमा १०० पूर्णाङ्कका ५० प्रश्नहरू एक घण्टा समयको परीक्षा हुनेछ

ख. बस्तुगत परीक्षाको उत्तीर्णाङ्क ५० अंक प्राप्त गर्नेलाई मात्र दोस्रो खण्डको विषयगत परीक्षामा सामेल गराइनेछ ।

ग. बस्तुगत परीक्षाको ५० प्रतिशत अंक मात्र अन्तिम नतिजामा समावेश गरिनेछ ।

(६) क. दोस्रो खण्ड विषयगत परीक्षा : प्रथम खण्डमा उत्तीर्ण भएका परीक्षार्थीहरूलाई आयोगले तोकेको पाठ्यक्रमको आधारमा १०० पूर्णाङ्कको विषयगत लिखित परीक्षा सञ्चालन गरिनेछ ।

ख. विषयगत लिखित परीक्षा ३ घण्टाको हुनेछ र उत्तीर्णाङ्क ४० हुनेछ ।आवश्यक अंक प्राप्त नगर्ने उम्मेद्वारलाई तेस्रो चरणको परीक्षामा समावेश गराईने छैन ।

ग. विषयगत लिखित परीक्षाबाट सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको नाम बर्णानुक्रम अनुसार आयोगले तोकेको प्रतिशतका आधारमा नाम प्रकाशन गर्नु पर्नेछ ।

**(७)** तेस्रो खण्ड अन्तर्वार्ता तथा प्रयोगात्मक (आवश्यकता अनुसार) : अन्तर्वार्ता परीक्षा र प्रयोगात्मक २५/२५ अंकको हुनेछ ।

क. सबै विषयमा प्रयोगात्मक परीक्षा अनिवार्य हुने छैन । आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ ।

ख. अन्तर्वार्ताको अंक देहाय बमोजिम दिइनेछ ।

अ. अन्तर्वार्ता वापतको २० अंक छनोट समितिका न्युनतम ३ जना देखि अधिकतम ५ जना सम्मले गरेको मूल्याङ्कनलाई जोडेर औषत अंक निकालिनेछ । यसरी दिईने अंक ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्द बढी दिनु परेमा कारण खुलाउनु पर्नेछ ।अंक विभाजन छनौट समितिले तोकेअनुसार हुनेछ ।

आ. सेवा प्रवेशको लागि तोकिएको न्युनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणी भए ५ अंक, द्वितीय श्रेणी भए ३ अंक र तृतीय श्रेणी भए १ अंक दिइनेछ ।

४. **मूल कार्यविधिको दफा ५ मा उपदफा (६) थपः** मुल कार्यविधिको दफा ५ मा देहाय बमोजिमको उपदफा **(६)** राखिएको छ।

(६) शिक्षक छनौट परीक्षामा विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरु मध्येबाट १ जना तथा प्रधानाध्यापकहरु मध्येबाट १ जना आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

आज्ञाले,

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत